# इसाक क–ओ घोषणापत्र

यो घोषणापत्र आदिवासी जनजातिको अधिकार, जैविक विविधता र जलवायु परिवर्तन सम्बन्धी एशिया–क्षेत्रिय सम्मेलनबाट तयार पारिएको हो । सो सम्मेलन सन् २०२३ नोभेम्वर ५ देखि ८ सम्म थाईल्याण्डको क्राबीमा सम्पन्न भएको थियो।

**“जीवन र भूमि एक अर्काको पर्याय हुन् ।हामी भूमि जस्तै हौं । हामी भूमिबाट उत्पति भएका हौं। हामी भूमिमा नै बिलिन हुन्छौं। हामी हाम्रो भूमिलाई कब्जामा राख्न सक्दैनौं, किन भने हामी भूमिकै एक अंश हौं ।यदि हामीले यो कुरा बुझ्यौं भने, आदान प्रदान गर्न र दिन सकिन्छ। तर यदि हामीले यो कुरा बुझेनौं भने, भूमिलाई आफ्नो बनाउँन एक आपसमा निरन्तर लडि नै रहने छौं।”**

**(जोनी ओडोचा ओ, करेन अगुवा**

एशिया जैविक र सांस्कृतिक विविधताको क्षेत्र हो, जहाँ हामी आदिवासी जनजातिले हाम्रो भूमि, भू–भाग, जल र प्राकृतिक स्रोतहरूको व्यवस्थापन र संरक्षणमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आइरहेका छौं । यद्यपि, हामीले जलवायु परिवर्तन, वन विनाश, भू–क्षय, मानव अधिकारको उल्लंघन र तथा कथित विकासका नाममा धेरै चुनौती र धम्कीहरू पनि सामना गरिरहेका छौं । तसर्थ, सरकारले हाम्रो मूल्यमान्यता, अभ्यास, जल, जमिन, क्षेत्र, र स्रोतहरूको पहिचान, समर्थन र सम्मान गर्न आवश्यक छ ।

अनन्त कालदेखि हाम्रो जल, जमिन, भू–भाग, र प्राकृतिक स्रोतहरुको रक्षा गर्दै आएका हाम्रा पुर्खाहरु र अग्रजहरुको ज्ञान र विवेकद्वारा निर्देशित हुदै,

हाम्रो जल, जमिन, भू–भाग, र प्राकृतिक र साँस्कृतिक सम्पदाहरुको संवाहकको भूमिका पूरा गर्ने प्रतिवद्धता गर्दै,

हामी आदिवासी जनजातिको सामुहिक एकता, पारस्पारिक हेरचाह, आदानप्रदान, मूल्य मान्यताहरूलाई भावी पुस्ता र अन्य समुदायमा हस्तान्तरण गर्न तत्पर हुदै,

जैविक विविधताको तिव्र हानी, अनियन्त्रित विश्व भु–तापमान (ग्लोबल वार्मिंग) र व्यापक प्रदूषण यी सबैले हाम्रो जीवनको गुणस्तर र हाम्रा संस्कार संस्कृतिहरुलाई विनास गरिरहेको, वर्तमान र भावी पुस्ताहरूलाई निराशाजनक भविष्यवाणी गर्दै पृथ्वी र सम्पूर्ण प्राणी जगतलाई चुनौती भएको कुरामा चिन्तित हुदै,

अन्यायपूर्ण सामाजिक, आर्थिक र राजनीतिक संरचना र सम्बन्धहरूमा जैविक विविधता, जलवायु र प्रदूषण संकटको जरा गाडिएको छ । मानव अधिकार र आदिवासी जनजातिको अधिकार उल्लंघन गर्ने अपराधी र कर्तव्य वाहकलाई जवाफदेही बनाउनुपर्छ भन्ने कुरामा हामी सचेत छौं ।

आदिवासी जनजातिको अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघको घोषणापत्र मा उल्लेख भए वमोजिम आदिवासी जनजाति सामूहिक अधिकारका हक दार हुन भन्ने दोहोर्याउँदै कानूनी र नीतिगत ढाँचामा सबै तहका सरकारले पहिचान र सम्मान गर्नु पर्दछ । आदिवासी जनजातिको अधिकार, पहिचान र कानूनी अधिकारलाई सामान्यीकरण र विकृत गर्ने शब्दावलीहरूको र माध्यम प्रयोग गरी सरकारहरूबाट कमजोर बनाउने प्रयास मान्य नहुने अडान दोहोर्याउँदै,

सह–अस्तित्व, मानव र प्रकृतिको कल्याणका सान्दर्भिक दृष्टिकोण र उद्देश्यहरू प्राप्त गर्नका लागि, सबै नीति निर्माण र निर्णय प्रक्रियाहरूमा आदिवासी जनजातिको सक्रिय सहभागिता हुनु महत्वपूर्ण भूमिका हुन्छ भन्ने कुराको पुष्टि गर्दै,

सन् २०२३ नोभेम्बर ५ देखि ८ मा थाईल्याण्डको क्राबीमा आयोजित आदिवासी जनजातिको अधिकार, जैविक विविधता र जलवायु परिवर्तनका लागि एशिया क्षेत्रीय सम्मेलनमा ११ देशका संस्थाहरूको प्रतिनिधित्व गर्दै ४७ जना आदिवासी जनजाति सप्रतिनिधिहरुको सहभागितामा ३२ आदिवासी जनजाति संस्था जस्तै, महिला, युवा, अपाङ्गता भएका र अन्य सम्वन्धित जातिय संस्थाबाट सहभागीता जनाएका सो कार्यक्रमबाट आदिवासी जनजातिको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र (UNDRIP) मा उल्लेख भए अनुसार, सो सम्मेलनमा आदिवासी जनजातिको आफ्नो हक अधिकारको सुरक्षा र संरक्षण गर्न आब्हान गरेका छौ ।

अब हामी यो सम्मेलनको घोषणापत्रलाई आदिवासी जनजाति र सम्पूर्ण मानवजातिले सामना गरिरहेका सरोकार र विषयवस्तुहरूको तत्काल समाधान र सहयोग खोज्ने दिशामा हामी आदिवासी जनजातिको सामुहिक अडानको रूपमा अगाडि बढाउँछौं ।

## विश्वव्यापी प्रतिवद्धताहरूको महत्व र तदारुकता सम्वन्धमा सामाजिक सम्पूर्णता वा एकिकृत शैली

जैविक विविधता र जलवायु संकटलाई सम्बोधन गर्न अत्यन्त जरुरी छ । विश्वका सबै क्षेत्र र सबै पारिस्थतिकीय प्रणाली (इकोसिस्टम) मा आदिवासी जनजातिको ज्ञान, संस्कृति, जीवन पद्धति बारे स्पष्ट हुनुपर्ने महसुस पुष्टि भइसकेको छ । जलवायु परिवर्तन र जैविक विविधताको हानी हामी मध्ये धेरैको लागि जीवन वा मरणको सवाल नै हो । हाम्रो बाँच्न पाउने मानव अधिकार, स्वच्छ र स्वस्थ जीवनको अधिकार र दिगो वातावरण खतरामा छ । यो अत्यावश्यकताको बारेमा जैविक विविधता महासन्धि (CBD) र जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय खाका महासन्धि (UNFCCC) लगायत संयुक्त राष्ट्रसंघीय प्रक्रियाहरूद्वारा स्पष्ट रूपमा भनिएको छ । यी प्रक्रियाहरूले परिवर्तनशील रूपान्तरणको लागि आव्हान गर्दछ । साथै उक्त प्रक्रियाहरुलाई सामान्य रूपमा प्रकाश (हाईलाइट) गर्नुको विकल्प छैन । सो प्रक्रियाहरूले सरकार र समाजको दृष्टिकोणको लागि पनि आह्वान गर्दछ, जस्ले राष्ट्रिय स्तरमा अत्यन्त महत्व राख्दछ ।

हाम्रो योगदान, अधिकार, ज्ञान र मूल्य मान्यताहरूलाई अन्तर्राष्ट्रिय प्रकृयाहरुमा बढ्दो रूपम विश्वव्यापी मान्यता र सम्मान गरिदै आएको अवस्थालाई हामि स्वागत गर्दछौं । तर हामी धेरै चिन्तित छौं कि राष्ट्रिय प्रक्रिया, कानून र नीतिगत ढाँचामा सो प्रकृया प्रतिविम्वित भइरहेको छैन । धेरै देशहरूमा राष्ट्रिय कानून, अन्तर्राष्ट्रिय कानून र मापदण्डहरू जस्तै, आदिवासी जनजातिको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र (UNDRIP), संयुक्त राष्ट्रसंघीय महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (CEDAW) सिफारिस नं ३९, संयुक्त राष्ट्रसंघीय जैविक विविधता महासन्धि (UNCBD), कुनमिङ–मोन्ट्रियल ग्लोबल बायोडाइभर्सिटी फ्रेमवर्क (KM-GBF) र जलवायु परिवर्तनमा पेरिस सम्झौता सँग विरोधाभास पूर्ण छन् ।

## राष्ट्रिय जैविक विविधता रणनीति र कार्य योजना (NBSAPs) र राष्ट्रिय निर्धारित योगदान (NDCs) मा सहभागिता

सामाजिक सम्पूर्णता वा एकिकृत शैली वा दृष्टिकोणलाई कार्यान्वयन गर्न, जैविक विविधता र जलवायु परिवर्तन सम्बन्धी निर्णय प्रक्रियामा आदिवासी जनजाति महिला, युवा र अपाङ्गता भएकाहरू लगायत आदिवासी जनजातिको पूर्ण र प्रभावकारी सहभागिता सुनिश्चित गर्न हामी सरकारलाई आह्वान गर्दछौं ।

राष्ट्रिय जैविक विविधता रणनीति र कार्य योजनाहरू (NBSAPs) को विकास वा समीक्षा र अद्यावधिक गर्ने त्रममा, आदिवासी जनजातिको लागि एक निश्चित संयन्त्र वा क्षेत्रको स्थापना गरी कुनमिङ–मोन्ट्रियल ग्लोबल बायोडाइभर्सिटी फ्रेमवर्क (KM-GBF) र राष्ट्रिय निर्धारित योगदान (NDCs) सँग समन्वय गर्न अति आवश्यक छ । भावकारी सहभागिताको लागि यो प्रक्रियाका सबै चरण र तहहरु राष्ट्रिय र स्थानीय स्तरमा तत्काल स्थापित गरिनुपर्दछ र पहिले नै अवस्थित संयन्त्रहरुलाई अझ सुदृढ गर्नु पर्दछ ।

राष्ट्रिय जैविक विविधता रणनीति र कार्य योजनाहरू (NBSAPs) र राष्ट्रिय निर्धारित योगदान (NDCs), स्वतन्त्र, अग्रिम, जानकारी सहितको मञ्जुरी (FPIC) विनाको केवल टप-डाउन संरक्षण, जलवायु अनुकूलन र न्यूनीकरण कार्यमा केन्द्रित हुनु हुँदैन, जसले पहिले नै हामीलाई प्रभावित गरी हाम्रो अधिकारको उल्लंघन गरिरहेको छ । NBSAPs र NDCs हरू मानव अधिकारमा आधारित हुनु पर्दछ, जसले हाम्रो सामूहिक अधिकारको सुरक्षा गर्ने र हाम्रो भूमि, भू–क्षेत्र, जलस्रोतहरू सबैको समावेश हुने, जैविक विविधता र जलवायु सम्बन्धी कार्यहरूमा FPIC प्रक्रियाको सुनिश्चित गर्ने बलियो लक्ष्य समावेश गर्नु पर्दछ । प्रकृतिको संरक्षण, दिगो व्यवस्थापन र पुर्नस्थापना, जलवायु अनुकूलन र न्यूनीकरणमा हाम्रो योगदान, मूल्य मान्यता, अभ्यास र दृष्टिकोणलाई पनि सरकारले पहिचान र मान्यता दिनु पर्छ ।

## जलवायु परिवर्तन र जैविक विविधता संरक्षणमा आदिवासी जनजाति ज्ञानको महत्व

हाम्रो ज्ञानले संसारको समग्र अन्तरसम्बन्ध देखाउँदछ । यो हाम्रो भू–भागको साँस्कृतिक र पारिस्थितिकीय नक्सा हो । यो हाम्रो समुदायको उन्नति र साँस्कृतिक उत्थानको आधार पनि हो । यसले हाम्रो अदृश्य आध्यात्मिकका साथै स्वस्थ पारिस्थितिकीय वातावरणसँग सम्बन्ध राख्दछ ।

समस्त मानव जगतको कल्याण र पृथ्वीमा पारिस्थितिकीय पर्यावरणीय सन्तुलन र जीवनको पुर्नस्थापनाको लागि आदिवासी जनजातिको ज्ञानको निरन्तरता, पालनपोषण, र अन्तरपुस्ता हस्तान्तरण अत्यन्त महत्वपूर्ण छ । हाम्रो ज्ञान सामूहिक रूपमा वृद्ध, महिला, युवा र बालबालिकाले समुदायको साझा भलाई र अन्तरिक समानता अङ्गिकार गरेका छन् । तथापि, हाम्रो शिक्षा प्रणालीको विनाश, हाम्रो संस्कृति र विश्वदृष्टिकोणको अवमूल्यन जस्ता बाह्य कारणहरूले गर्दा आदिवासी जनजातिको ज्ञानमा कमी आएको छ ।

राष्ट्रिय अनुकूलन योजनाहरू (NAPs) NBSAPS, NDCs,  तथा UNCBD र UNFCCC को लक्ष्यहरू प्राप्त गर्ने कार्यहरुमा हाम्रो ज्ञान प्रणालीको प्रमुख भूमिकाको पहिचान गर्न, हामी कर्तव्यवाहक र विश्व समुदायलाई आव्हान गर्दछौं । हामी दस्तावेजीकरण र प्रचारप्रसारको माध्यमबाट हाम्रो ज्ञान र अभ्यासहरूलाई पुर्नजीवित गर्न प्रयास गर्नेछौं र यसबाट प्राप्त प्रमाणहरूले हामीलाई हाम्रो ज्ञान प्रणालीलाई राष्ट्रिय र नीति विकास ढाँचामा बढावा दिन सहयोग पुर्याउने । यसका लागि हाम्रा आदिवासी जनजाति संस्था र समुदायलाई प्रत्यक्ष अनुदानसहित पर्याप्त मात्रामा स्रोतसाधन विनियोजन गरिनु पर्छ ।

## संरक्षण क्षेत्रमा आदिवासी जनजाति अधिकारलाई मान्यता

कुनमिङ–मोन्ट्रियल ग्लोबल बायोडाइभर्सिटी फ्रेमवर्क (KM-GBF) को लक्ष्य ३ ले सन् २०३० सम्ममा कम्तीमा ३० प्रतिशत भूमि, भू–क्षेत्र, जल र समुद्री क्षेत्रलाई संरक्षित क्षेत्र र अन्य उपायहरूको प्रणाली मार्फत प्रभावकारी रूपमा संरक्षण र व्यवस्थापन गर्न सुनिश्चित गर्ने लक्ष्य राखेको छ । तथापी, संरक्षित क्षेत्रहरू र संरक्षण सम्बन्धी राज्यका कानून र नीतिगत ढाँचाहरूले संरक्षणको लागि प्रतिरक्षात्मक दृष्टिकोणको एकात्मक ब्यवस्थालाई निरन्तरता दिएका छन् जसले आदिवासी जनजातिका अभ्यासद्वारा संरक्षित क्षेत्रहरु वा जल, जमिन, भू–भाग, र प्राकृतिक स्रोतहरुमा हाम्रो सामूहिक स्वामित्वलाई मान्यता दिएको छैन् । यो दृष्टिकोणले हाम्रो अधिकारको थप उल्लंघन गर्दछ, हाम्रा समुदायहरूलाई विस्थापित गर्दछ, आदिवासी जनजातिको अधिकार रक्षकहरूलाई अपराधीकरण गर्दछ, द्वन्द्व उत्पन्न गर्दछ, र सकारात्मक जैविक विविधताका उपलब्धीहरू प्राप्त गर्न असफल हुन्छन् ।

हामी सरकार, गैरसरकारी संस्था र सम्बन्धित संस्थाहरूलाई उनीहले बनाउने संरक्षणसँग संबन्धित कानून र नीतिगत ढाँचामा सुधार गर्न र आदिवासी जनजातिका क्षेत्रहरूलाई संरक्षित क्षेत्र र अन्य प्रभावकारी क्षेत्र आधारित संरक्षण उपायहरू (OECMs) बाट अलग तेस्रो मार्गको रूपमा पहिचान गरी उनीहरूको रणनीतिक योजनाहरू परिमार्जन गर्न आह्वान गर्दछौं ।

सरकार, वित्तीय संस्था र व्यवसायीहरूले आदिवासी जनजातिलाई गरिने भेदभावपूर्ण रूढीवाद, अपराधीकरण र हत्याको अन्त्य गर्नुपर्दछ र जलवायु परिवर्तन र जैविक विविधता संरक्षण कार्यक्रमहरू, परियोजनाहरू र गतिविधिहरूको कार्यान्वयनमा कुनै पनि किसिमको मानव अधिकारको उल्लंघन नहोस् भन्ने सुनिश्चित गर्नु पर्दछ । उनीहरूले हाम्रा भूमिको संरक्षण र स्रोतको दिगो उपयोग गर्ने हाम्रो आदिवासी जनजाति तरिकालाई समर्थन गर्नु पर्दछ ।

**कार्बन व्यापार र जैविक विविधता क्रेडिट**

हाम्रो भूमि, क्षेत्र र जलमा कुनै पनि कार्बन र जैविक विविधता क्रेडिट परियोजना वा कार्यक्रम हाम्रो स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरी (FPIC) प्रक्रिया विना लागु हुन हुँदैन । हामीलाई यी बजारहरूको बारेमा पूर्ण जानकारी र पारदर्शिता चाहिन्छ । तिनीहरू हाम्रा परम्परागत संस्थाहरू र विश्वदृष्टिकोणसँग कसरी सम्बन्धित छन् र हाम्रो जल, जमिन, भू–भाग, र प्राकृतिक स्रोतहरुहरू र सांस्कृतिक अखण्डतामा हाम्रो अधिकारको लागि के संकेत गर्छन् भन्ने बारेमा पूर्ण जानकारी र पारदर्शिता हुनु पर्छ ।

सहभागिता मूलक साँस्कृतिक, वातावरणीय र मानव अधिकारको प्रभाव मूल्यांकन, आदिवासी जनजातिको पूर्ण सहभागितामा गरिनुपर्दछ ताकि हामीले सामूहिक रूपमा सूचित भएर निष्पक्ष र समतामूलक लाभ बाँडफाँडको बारेमा वार्ता गरेर निर्णय गर्न सक्दछौं ।

कार्बन र जैविक विविधता बजार, कार्बन उत्सर्जनलाई कम गर्ने मुख्य उद्देश्यबाट जलवायु परिवर्तन निम्त्याउने ऐतिहासिक जिम्मेवारी भएका प्रदुशकहरुबाट नै विचलित हुन सक्छ । अफसेटिंग (Offsetting) अवधारणाहरू वास्तविक समाधान होइनन्, स्रोतमा नै हरितगृह ग्याँस (GHGs) कम गर्नु चाँहि मुख्य कुरा हो । प्रकृतिको वस्तुकरणमा आधारित यी कार्बन र जैविक विविधता बजारहरूलाई अघि बढ्न समुदायमा आधारित संयन्त्र र मापदण्डहरूको आवश्यक पर्दछ ।

**योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र प्रतिवेदनका कार्यहरुमा आदिवासी जनजातिको भूमिका**

जैविक विविधता र जलवायु परिवर्तन सम्बन्धी योजना, कार्यान्वयन, अनुगमन र रिपोर्टिङमा आदिवासी महिला, युवा र अपाङ्गता भएका व्यक्तिहरू लगायत आदिवासी जनजातिको पूर्ण, प्रभावकारी र समता मूलक संलग्नता र सहभागिता सुनिश्चित गर्न हामी सरकार र सम्बन्धित पक्षहरूलाई माग गर्दछौं ।

सरकारले कुनै पनि जलवायु र जैविक विविधता सम्बन्धी गतिविधिहरूको योजनामा प्राविधिक र आर्थिक संयन्त्रहरू समावेश गर्नुपर्दछ । UNDRIP अनुरूप आदिवासी जनजातिको स्वतन्त्र, अग्रिम जानकारी सहितको मञ्जुरी (FPIC) जस्ता सुरक्षा संयन्त्रहरूको साथ कार्यक्रमहरू र कोषहरू कार्यान्वयन गरिनु पर्दछ ।

सरकारले जैविक विविधता र जलवायु परिवर्तन सम्बन्धी सबै तहको, विशेष गरी स्थानीय र राष्ट्रिय प्रतिवेदनहरूमा जलवायु परिवर्तनमा समुदायमा आधारित अनुगमन र सूचना प्रणाली (CBMIS) को योगदान, वैज्ञानिक र प्राविधिक नवीनताहरूको साथसाथै हाम्रो ज्ञान प्रणाली, सूचकहरू र उपकरणहरूको योगदानलाई पहिचान र समर्थन गर्नु पर्दछ ।

**हानी एवं नोक्सानी**

आदिवासी जनजातिले जलवायु परिवर्तनका कारण खतरनाक आर्थिक र गैर-आर्थिक हानि एवं नोक्सानी व्यहोर्न बाध्य छन् जबकी विश्व भु–तापमान (ग्लोबल वार्मिंग) र जैविक विविधताको हानीमा उनीहरुको योगदान न्यून छ । सरकारले हानि एवं नोक्सानी कोषको प्रस्तावित शासकीय संरचनाको निर्णय गर्ने क्रममा, आदिवासी जनजाति नीति, आदिवासी जनजाति सल्लाहकार समूह र आदिवासी जनजातिका प्रतिनिधिहरु रहेको सुनिश्चित गर्नु पर्दछ । यसबाहेक, मानव अधिकारका सिद्धान्त र मापदण्डहरू, हानि एवं नोक्सानी कोष संयन्त्र र यसको परिचालनको मुख्य विषयहरु हुनु पर्दछ । आदिवासी जनजातिको गैर-आर्थिक हानि एवं नोक्सानीलाई सो कोषले समेट्नु पर्दछ र यो आदिवासी जनजातिको आत्म निणर्यमा आधारित हुर्नु पर्दछ ।

### आदिवासी जनजाति, गैर–आदिवासी र सरकारी निकायहरूको क्षमता अभिवृद्धि

संयुक्त राष्ट्रसंघीय जैविक विविधता महासन्धि (UNCBD) र संयुक्त राष्ट्रसंघको जलवायु परिवर्तन सम्वन्धी खाका महासन्धि (UNFCCC) प्रक्रियामा आदिवासी जनजाति को संलग्नतालाई सक्षम बनाउन विशेष गरी आदिवासी महिला, युवा र अपाङ्गता भएका व्यक्तिहरूको क्षमता अभिवृद्धि गर्नु महत्वपूर्ण छ ।

जलवायु परिवर्तन र जैविक विविधताका कार्यहरुमा आदिवासी जनजातिलाई अर्थपूर्ण रूपमा संलग्न गराउन र सम्बन्धित समुदायहरूबाट स्वतन्त्र, अग्रिम जानकारी सहितको मञ्जुरी (FPIC) प्राप्त गर्न, सरकारहरू र अन्य सम्बन्धित सरोकारवालाहरूको क्षमता अभिबृद्धिका पनि अति आवश्यक छ ।

### वित्त तथा स्रोतको परिचालन

आदिवासी जनजातिको जल, जमिन, भू–भाग, र प्राकृतिक स्रोतहरूले विश्वको जैविक विविधताको ठूलो हिस्सा ओगटेको छ । यसले संयुक्त राष्ट्रसंघीय जैविक विविधता महासन्धि (UNCBD) र संयुक्त राष्ट्रसंघको जलवायु परिवर्तन सम्वन्धी खाका महासन्धि (UNFCCC) को उद्देश्य प्राप्त गर्न ठूलो योगदान पुर्याउछ । विश्व भु–तापमान (ग्लोबल वार्मिङ) र जैविक विविधताको हानीमा आदिवासी जनजाति कम जिम्मेवार रहेतापनि जलवायु र जैविक विविधता संकटबाट हामि बढि प्रभावित छौं र ति संकट सम्बोधन गर्न आवश्यक स्रोतहरूबाट पनि हामी बञ्चित छौं ।

आदिवासी जल, जमिन, भू–भाग, र प्राकृतिक स्रोतमा कुनै पनि वित्तको लगानी र परिचालनका कार्यहरु, UNDRIP को मार्गनिर्देशनलाई पालना गर्दै, मानव अधिकारमा आधारित प्रकृया अवलम्बन, हाम्रो स्वामित्व, नेतृत्व, आत्मनिर्णय र स्व–शासनको प्रत्याभूत गरिनु पर्दछ।

विश्व जैविक विविधता खाका कोष (GBFF), हरित जलवायु कोष (GCF), हानि एवं नोक्सानी कोष (Loss and Damage Fund) लगायत अन्य कोष अन्तर्गतका वित्त संयन्त्रहरूमा, आदिवासी महिला, युवा र अपाङ्गता भएका व्यक्तिहरू लगायत आदिवासी जनजातिका लागि समर्पित वा बिशेष खालको छुट्टै सुविधाहरू सहितको कार्यक्रमहरू हुनु पर्दछ । हामीले देशहरुलाई विशेष गरी विकसित देशहरूलाई उनीहरूको सार्वजनिक स्रोतहरूबाट प्रत्यक्ष रूपमा आदिवासी जनजातिलाई पहुँच योग्य, महत्वाकांक्षी र भरपर्दो वित्त प्रदान गर्न आह्वान गर्दछौं । जलवायु परिवर्तन र जैविक विविधता वित्त ऋणको रूपमा नभई सामाजिक–पर्यावरणीय जवाफदेहिता र ऐतिहासिक जिम्मेवारीको रूपमा परिचालन गरिनु पर्दछ ।



Mr. Lakpa Nuri Sherpa (nuri@aippnet.org)
Ms. Pirawan Wongnithisathaporn (pirawan@aippnet.org)
Mr. Prem Singh Tharu (prem@aippnet.org)